आमचोक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वालांखा, भोजपुर

सूचना.नं.:- ९२

## गाउँपालिकाको वस्तुगत विवरण (Profile) निर्माणको प्रस्ताव पेश गर्ने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०७/१९

यस गाउँपालिकाको सम्पुर्ण विवरणहरु झल्कने तथ्यांक सहितको वस्तुगत विवरण (Profile) प्रस्ताव अध्ययन गरी प्रतिस्प्रधाको आधारमा सेवा प्रदायक संस्था छनौट गरी निर्माण गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेका फर्म/संस्था/कम्पनीहरुले देहायको शर्तहरुको अधिनमा रहि ३० दिन भित्रमा रित पूर्वकको प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. प्रस्तावकले यस कार्यालयवाट नियम अनुसार सिद्धार्थ बैंक लिमिटेडमा रहेको आमचोक गाउँपालिका ग-१.१ आन्तरिक राजश्व खाता नं ०२६१५३९९१७५१ मा रु.१०००। राजश्व जम्मा गरी बैंक भौचर पेश गरी ३० औं दिन अगावै TOR खरिद गर्न सकिनेछ ।

२. TOR खरिद गर्नको लागि निवेदन साथ मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण पत्र, सम्वन्धीत फर्म, कम्पनी वा संस्था दर्ता र नविकरणको प्रमाणपत्रको प्रतिलिपि राखी निवेदन दिनु पर्ने छ । संयुक्त उपक्रम(जे.भि.) मा प्रस्ताव हाल्ने प्रस्तावहरुको लागि जेभिमा प्रस्ताव पेश गर्ने निर्णय र नेतृत्वदायी संस्था को हुने भन्ने निर्णय समेत पेश गर्नु पर्ने ।

३. प्रस्तावकले आर्थिक एवं प्राविधिक प्रस्ताव अलग अलग खाममा शिलवन्दी गरी खाम वाहिर अलग अलग नाम लेखि पुनः दुवैलाई एउटै खाममा सिलवन्दी गरी पेश गर्नु पर्नेछ । शिलवन्दी प्रस्ताव ३० औं दिन दिनको १२ वजे भित्र कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । यसरी दर्ता भएका प्रस्ताव दिनको १:०० वजे नियम अनुसार खोलिनेछ । प्रस्ताव दाताको प्रतिनिधी खोल्ने समयमा उपस्थित नभएमा खोल्न वाधा पर्ने छैन ।

४. शिलवन्दी भई नआएको, म्याद नाघि आएका वा प्रचलित कानुन अनुसार रित पूर्वक पेश हुन नआएका प्रस्ताव उपर कुनै कारवाहि हुने छैन ।

५. प्रस्ताव दर्ता र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि लगत्तै कार्यालय खोलेको दिन उल्लेखित समय अनुसार नै दर्ता, खोल्ने दिन र समय मानिने छ ।

६. रितपूर्वक दर्ता हुन आएका शिलवन्दी प्रस्तावहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा यस कार्यालयवाट स्वीकृत भएको TOR मा उल्लेखित शर्त वमोजिम मूल्यांकन गरी प्रस्ताव छनौट गरिने छ ।

७. प्राविधिक रुपमा सफल प्रस्तावकहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

८. प्रस्ताव स्वीकृत गर्ने, नगर्ने वा कार्यक्रम खारेज गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

९. थप जानकारी भएमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

(सम्पर्क नं ९८५२०८१३३३ वा ९८५२०८१३३६)

प्रमुख प्रशासकीय अधिकृत